# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, सहायक प्रथम श्रेणी, लेखापाल वा सो सरह

## पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/३/२१

समय: २ घण्टा ३० मिनेट | पत्र: द्वितीय | पूर्णाङ्क: १००

विषय: कार्य-ज्ञान सम्बन्धी

तलका प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। साथै **प्रश्न नं. १७ को उत्तर अनिवार्यरूपमा अंग्रेजी** भाषामा लेख्नुपर्नेछ।

### खण्ड - क — ३५ अंक

१. जिन्सी निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरू कसरी कार्यान्वयन गरिन्छ? लेख्नुहोस्। ५

२. सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System) भन्नाले के बुझिन्छ? सरकारी सम्पत्ति व्यवस्थापनमा यसको के महत्त्व रहेको छ? लेख्नुहोस्। ३+२=५

३. खरिद सम्झौता भनेको के हो? खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने मुख्य-मुख्य कुरा/विषयहरू के-के हुन्? प्रस्तुत गर्नुहोस्। २+३=५

४. एकल कोष खाता (TSA) को परिचय दिँदै सरकारी कोष व्यवस्थापनमा यस प्रणालीले खेलेको भूमिका स्पष्ट पार्नुहोस्। २+३=५

५. खर्चको फाँटवारी (Statement of Expenditure) किन तयार गरिन्छ? यसको नमूना ढाँचासमेत प्रस्तुत गर्नुहोस्। ३+२=५

६. सार्वजनिक खरिद कार्यमा संलग्न हुने पदाधिकारी र बोलपत्रदाता वा प्रस्तावदाताहरूले के-कस्तो आचरण पालना गर्नुपर्ने हुन्छ? लेख्नुहोस्। ५+५=१०

### खण्ड - ख — ३५ अंक

७. सरकारी निकायले राजश्व रकम बुझ्ने र दाखिला गर्ने कार्यविधिका बारेमा संक्षेपमा लेख्नुहोस्। ३+२=५

८. धरौटी भनेको के हो? कस्तो अवस्थामा धरौटी रकम राजश्वमा आम्दानी बाँध्ने गरिन्छ? उल्लेख गर्नुहोस्। २+३=५

९. सञ्चित कोष भन्नाले के बुझिन्छ? सङ्घीय र स्थानीय सञ्चित कोषमा के-कस्ता रकम दाखिला हुन्छन्? १+२+२=५

१०. कार्यालय प्रमुखको आर्थिक प्रशासनसम्बन्धी काम, कर्तव्य र जिम्मेवारी के-कस्तो रहने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले गरेको छ? संक्षिप्तमा प्रकाश पार्नुहोस्। ५

११. सम्परीक्षण भनेको के हो? नेपालमा बेरुजू सम्परीक्षण कसरी गरिन्छ? उल्लेख गर्नुहोस्। २+३=५

१२. लेखापरीक्षण भन्नाले के बुझिन्छ? यसको उद्देश्यमाथि प्रकाश पार्दै आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबीच रहेका समानता र भिन्नता उल्लेख गर्नुहोस्। ५+२+३=१०

### खण्ड - ग — ३० अंक

१३. Mention the citizen's duties to uphold the human rights in Nepal. 5

१४. What do you mean by civil society organizations? Explain the role of civil society for the promotional protection of human rights. 1+4=5

१५. How does the Human Rights Commission promote human rights education in Nepal? Explain. 5

१६. What are the basic principles of human rights? Explain. 5

१७. What are the differences between human rights, legal rights and fundamental rights? Explain. 10

<<The End>>